नेपाल सरकार

# संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय

**सिँहदारबार, काठमाडौं ।**

# स्थानीय तहको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८

(नमुना कार्यविधि)

**२०७८ कार्तिक**

## मस्यौदाकारहरु

१. श्री कृष्णहरि बास्कोटा, कार्यकारी अध्यक्ष, सेण्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस्, पूर्व प्रमुख सूचना आयुक्त, राष्ट्रिय सूचना आयोग, पूर्व सचिव, नेपाल सरकार ।

२. श्री श्यामसुन्दर शर्मा, सञ्चालक सदस्य, सेण्टर फर इनोभेटिभ गभर्नेन्स प्राक्टिसेस, पूर्व सहसचिव, नेपाल सरकार, सार्वजनिक व्यवस्थापन तथा गभर्नेन्स विज्ञ ।

# भूमिका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रमद्वारा बिबिध क्रियाकलापहरु सञ्चालन भैरहेका छन् ।

प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमले समावेशी आर्थिक विकास, लोकतान्त्रिक शासन प्रणालीको प्रबर्द्धन, उर्जा विकास, वातावरण संरक्षण, विपद् व्यबस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता विषयलाई आफ्नो कार्यक्षेत्रको केन्द्रविन्दूमा राखेको छ ।

मूलतः प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमको ध्येय प्रदेश सरकार र स्थानीय तहको क्षमता अभिबृद्धि गर्नु रहेको छ । प्रस्तुत सन्दर्भमा स्थानीय तहको ठाडो र तेर्सो उत्तरदायित्व निर्बाहका लागि स्थानीय सरकारलाई सघाउने ध्येयबाट गरिएको अध्ययन प्रतिबेदन समेतका आधारमा प्रस्तुत स्थानीय तहको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८ (नमुना कार्यविधि) तर्जुमा गरिएको छ ।

यो कार्यविधि तर्जुमा गर्न हामीलाई जिम्मेवारी दिने प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै, यस काममा प्रत्यक्ष रुपमा सघाउने सहसचिवद्वय डा. गोपी कृष्ण खनाल र श्री विष्णुदत्त गौतम तथा प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमका श्री चिरंजिबी तिमिल्सिना, श्री हरि प्रसाद गुरागाई, चन्द्रकान्त शर्मा पौडेल र यूएनडीपीका कृष्ण प्रसाद भट्टराई लगायतलाई धन्यवाद ज्ञापन गर्दछौं ।

प्रस्तुत नमूना कार्यविधिमा यससँग सम्बन्धित पदाधिकारीहरुले आ-आफ्नो सुझाव शीघ्र उपलव्ध गराई दिनु हुनेछ भन्ने अपेक्षा गरेका छौँ । ती सुझाव समावेश गरेर हामीले यस कार्यविधिलाई अन्तिम रुप दिनेछौं । तत् पश्चात् मन्त्रालयबाट प्रस्तुत नमूना कार्यविधि सबै ७५३ वटा स्थानीय तहमा पठाउन सकिने व्यहोरा अनुरोध गर्दछौं ।

कृष्णहरि बास्कोटा
श्याम सुन्दर शर्मा

कार्तिक, २०७८

**... ... ... गाउँ/नगर पालिका, ... ... जिल्ला......प्रदेश**

# स्थानीय तहको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८

**स्वीकृत मिति :**

**प्रस्तावना :**

स्थानीय सुशासन, दिगो विकास र समृद्धि हासिल गरी लोकतन्त्रलाई सुदृढ बनाउन नेपालको संविधान र राष्ट्रिय नीतिले अंगिकार गरेका सेवामैत्री, समावेशी, गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्दै जनताको सुसूचित हुने हक संरक्षण समेत गर्ने अभिप्रायले पारदर्शी तरिकाले नागरिकप्रति पूर्णरुपमा जिम्मेवार हुने ध्येयले स्थानीय सार्वजनिक उत्तरदायित्व वहन प्रणाली (ठाडो र तेर्सो समेत) स्थापित गर्न वाञ्छनीय भएकोले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को दफा १०२ को उपदफा २ बमोजिम यस ... ... ... गाउँ/नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम "... ... ... गाउँ/नगरपालिकाको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

**२. प्रारम्भ :** यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

**(क) "उत्तरदायित्व भन्नाले"** नेपालको संविधानले स्थानीय तहलाई तोकेका जिम्मेवारी पूरा गर्ने सम्बन्धमा नागरिकका चांसोहरुलाई चित्तबुभ्दो प्रकारले सम्बोधन गर्नु भन्ने बुभ्नु पर्छ । सार्वजनिक पद धारण गरेको राजनीतिक वा प्रशासनिक पदाधिकारीले सार्वजनिक सरोकार वा चांसोको विषयमा आफूले गरेका कार्य, कार्य सम्पादनको स्तर, गुणात्मकता एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवालावर्ग समक्ष चित्तबुभ्दो उत्तर दिने संयन्त्र वा व्यवस्था भन्ने बुझिन्छ । यो शब्दले आफूले गरेका निर्णय, कार्यसम्पदन, क्रियाकलाप तथा व्यवहार सम्बन्धमा सरोकारवालाको तर्फवाट आउनसक्ने जिज्ञासा र प्रश्नहरुको औचित्यपूर्ण र चित्तबुझदो जवाफकालागि आवश्यक संयन्त्रको स्थापना र उक्त पद्धतिको प्रयोगमा तत्परता र उत्सुकता समेत बुभ्नु पर्छ ।

**(ख) "ठाडो उत्तरदायित्व"** भन्नाले स्थानीय तहले सेवा प्रवाह गर्नु पर्ने नागरिक जसको प्रतिनिधिमूलक संस्था भएर स्थानीय तहले काम गर्छ, उनीहरुप्रति चित्तबुभ्दो किसिमले उत्तरदायित्व वहन गर्नु भन्ने बुभ्नु पर्छ ।

(ग) **"तेर्सो उत्तरदायित्व"** भन्नाले उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहभित्र कानुन तथा नीति अनुसार बाँडफाँड भएको उत्तरदायित्व संरचना तत् तत् पदाधिकारी वा संयन्त्रले पालना गर्नु पर्छ भन्ने बुझिन्छ । परीक्षण र सन्तुलन (check and balance) को सिद्धान्त अवलम्बन गरी कार्यकारी, व्यवस्थापिका र न्यायाधिकारीको संरचनाका आधारमा खोजिने उत्तरदायित्व पनि यस्तो उत्तरदायित्व हो ।

(घ) **"सामाजिक उत्तरदायित्व"** भन्नाले नागरिक सक्रियता र सहभागितका माध्यमबाट स्थानीय तहलाई नागरिकप्रति उत्तरदायित्व वहनको जिम्मेवारी अनुभूत गराउने उपायंको रुपमा बुझ्नु पर्छ । यसमा सर्वसाधारण नागरिक, नागरिक संस्था र समाज प्रत्यक्ष वा परोक्ष रुपमा उत्तरदायित्वलाई मूर्तरुप दिन र प्रवर्द्धन गर्न सक्रिय रुपमा सहभागी हुन्छन् ।

(ङ) **"वैधानिक उत्तरदायित्व"** भन्नाले कानुनले स्पष्ट वा सांकेतिक रुपमा तोकेको जिम्मेवारी वहन गर्ने मापदण्ड र क्रियाकलाप सम्झनु पर्छ ।

(च) **"नैतिक उत्तरदायित्व"** भन्नाले सार्वजनिक पद धारणा गरेका जनप्रतिनिधि, कर्मचारी तथा अन्य व्यक्तिहरुले उच्चतम नैतिकता कायम गर्ने सिलसिलामा कानुनले स्पष्ट रुपमा उल्लेख नगरे पनि सांकेतिक रुपमा उल्लेख गरिएका जिम्मेवारी र नागरिकले अपेक्षा गरेको नैतिक सदाचार सम्बन्धी चरित्रका क्रियाकलाप बुझ्नु पर्छ ।

(घ) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ । **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) **"उपप्रमुख"** भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ । **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(च) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यापालिका / नगर कार्यपालिका सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिका / गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ज) **"सार्वजनिक सुनुवाई"** भन्नाले स्थानीय तहले गरेका नीति तर्जुमा, योजना तथा कार्यक्रम, सार्वजनिक सेवा प्रवाह, नागरिक सम्बन्ध, पूर्वाधार निर्माण, शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवा, सुशासन तथा पदाधिकारीहरुको कार्यसम्पादन शैली सम्बन्धमा लिईएका निर्णय, गरिएका क्रियाकलाप र स्थानीय तह व्यवस्थापन विषयमा नागरिक तथा स्थानीय तहका पदाधिकारीहरु वीचको खुला बहस भन्ने बुझ्नु पर्छ । यसमा सर्वसाधारणलाई आफ्ना राय, प्रतिक्रिया, धारणा र प्रश्न राख्न पर्याप्त अवसर दिइन्छ, जसको चित्तबुझ्दो उत्तर सम्बन्धित पदाधिकारीले दिने अपेक्षा गरिन्छ ।

(झ) **"सामाजिक परीक्षण"** भन्नाले स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक-सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण मूल्याङ्कन गर्ने तथा एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य बुझ्नु पर्छ ।

(ञ) **"सार्वजनिक परीक्षण"** भन्नाले स्थानीय विकास परियोजनामा भएको लगानीको प्रभावकारिताका बारेमा सम्बन्धित सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गरिने संयन्त्रलाई बुझ्नु पर्छ ।

(ट) **"स्थानीय खर्चको सोधखोज"** भन्नाले स्थानीय तहको संलग्नतामा स्थानीय तह, जिल्ला समन्वय समिति, सरकारी तथा गैरसरकारी निकायबाट विकास योजना सञ्चालनका लागि गरिएको बजेट बाँडफाँड, बजेट निकासा, खर्चको अवस्था, भईसकेका खर्चबाट प्राप्त प्रतिफल के कस्तो रहेको छ भनी खोजी गर्ने काम बुझ्नु पर्छ ।

(ठ) **"नागरिक बडापत्र"** भन्नाले स्थानीय तहले नागरिकलाई प्रदान गर्ने सेवाहरुको किसिम, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्रदान गर्ने जिम्मेवार व्यक्ति, सेवाको गुणस्तर, सेवा प्रदान गर्दा लाग्ने समयावधि, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा उपचारको विधि जस्ता कुराहरु खुलाईएको कार्यविधि सम्झनु पर्छ । यस्तो विवरण सूचना पाटीको रुपमा सबै सेवाग्राहीले सजिलै देख्ने र बुझ्ने गरी कार्यालयको हाताभित्र अनिवार्य रुपमा टांगिनु पर्छ ।

(ड) **"सामुदायिक सूचना पाटी"** भन्नाले सर्वसाधारणलाई तत्काल कुनै महत्वपूर्ण सूचना दिनु पर्ने अवस्थामा सार्वजनिक र सामुदायिक रुपमा सूचनाको व्यहोरा तयार पारी टाँस्ने पाटी वा बोर्ड सम्झनु पर्छ, जसमा पुराना सूचना निकालेर नयाँ सूचना टाँस्ने सुविधा हुने गर्छ ।

(ढ) **"गुनासो व्यवस्थापन"** भन्नाले स्थानीय तहका काम र सेवा प्रवाह सम्बन्धमा सेवाग्राही वा नागरिकलाई कुनै गुनासो, उजुरी, निवेदन, रायसल्लाह वा रायप्रतिक्रिया दिन इच्छा लागेमा सरल प्रक्रियाबाट त्यस्तो गुनासो व्यक्त गर्ने र सो गुनासोमा स्थानीय निकायले आवश्यक कारवाही गरी गुनासो फछ्र्यौट गर्न अपनाइने व्यवस्थापन बिधि सम्झनु पर्छ ।

(ण) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा महिला र पुरुषबीच विद्यमान सामाजिक र आर्थिक सम्बन्धलाई मध्यनजर गर्दै सञ्चालित कार्यक्रमले महिला र पुरुष दुवैका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने नियोजित प्रयासबाट तर्जुमा गरिने कार्यक्रम तथा बजेट सम्झनु पर्छ । यसलाई महिलाको छुट्टै बजेट मान्नु हुन्न, समग्र बजेट तथा कार्यक्रमलाई लैङ्गिकमैत्री र सन्तुलन बनाउने एउटा विधिको रुपमा बुझ्नु पर्छ ।

(त) **"बालमैत्री सुशासन"** भन्नाले स्थानीय सुशासनका क्रममा बालबालिकाको हित संरक्षण गर्ने ध्येयले स्थानीय तहले निर्धारण गरेको बालबालिकासम्बन्धी नीति, कानून तथा कार्यक्रममा भएका सुशासनसम्बन्धी प्रावधानहरु सम्झनु पर्छ ।

(थ) **"गैरसरकारी संस्था नियमन"** भन्नाले स्थानीय तहको कार्यक्षेत्रमा रहेका गैरसरकारी संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र सहभागिमूलक बनाउन तर्जुमा गरिएका नियम र त्यसको कार्यान्वयन सम्झनु पर्छ । यस शब्दले नागरिक समाज, स्थानीय संघ संस्था, अगुवा नागरिकहरुको सञ्जाल, समुदायमा आधारित संस्थाहरु, परम्परागत सामाजिक संस्था तथा क्लबहरु समेत जनाउँछ ।

(द) **"सूचनामा पहूँच र सूचनाको अधिकार"** भन्नाले नेपालको संविधानको धारा २७ को सूचनाको हक र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार स्थानीय तहमा नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारको संरक्षण र सूचनामा सहज पहूँच सम्झनु पर्छ ।

(ध) **"आवधिक प्रतिवेदन"** भन्नाले स्थानीय तहले कानून अनुसार वा व्यवस्थापकीय दृष्टिकोणले तयार पारेका दैनिक, साप्ताहिक, मासिक, वार्षिक, आवधिक, प्राविधिक, विषयगत जस्ता सबै प्रकारका प्रतिवेदन तथा दस्तावेजहरु सम्झनु पर्छ । यस परिभाषाभित्र स्थानीय तहले प्रकाशित गरेको सबै प्रकारका सामग्री पनि पर्नेछन् ।

(न) **"अनुगमन तथा पृष्ठपोषण"** भन्नाले स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा कार्यरत विभिन्न निकाय तथा संस्थाहरुको काम कारवाहीको अनुगमन गर्ने र अनुगमनबाट देखिएका कैफियतहरु पृष्ठपोषण गर्ने सम्झनु पर्छ । यस परिभाषामा स्थानीय तहले स्थलगत रुपमा गर्ने बजार अनुगमन, योजना कार्यान्वयन अनुगमन र संघसंस्थाको अनुगमन समेत बुझ्नु पर्छ ।

(प) **"लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श"** भन्नाले स्थानीय तहले नीति निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा, सेवा प्रवाह, स्थानीय सुशासन सम्बन्धमा नागरिकलाई सहभागी गराउने ध्येयले सर्वसाधारण, लाभग्राही, हित समूह, सरोकारवाला, सम्बन्धित निकायसँग गर्ने छलफल, परामर्श, कुराकानी र सूचना आदान प्रदान बुझ्नु पर्छ ।

(फ) **"सेवाग्राही सर्भेक्षण"** भन्नाले स्थानीय तहले प्रवाह गरेको सेवा र सुशासन सम्बन्धमा सेवाग्राहीको दृष्टिकोण, मत तथा धारणा के छ भनी विधिवत् रुपमा पहिल्याउन गरिने औपचारिक अध्ययन, विश्लेषण तथा सर्भेक्षण सम्झनु पर्छ । यस शब्दले सेवाग्राहीको सन्तुष्टि मापन वा परीक्षण गर्न गरिने सर्भेक्षणलाई समेत जनाउँछ ।

(ब) **"स्वेतपत्र वा स्थितिपत्र"** भन्नाले स्थानीय तहले आफ्ना काम, कार्यक्रम, सुशासन, व्यवस्थापन, साधन स्रोत आदिका बारेमा नागरिकलाई सुसूचित गर्ने ध्येयले बेला बेलामा स्थिति प्रष्ट पार्न तयार पारेका विवरण, प्रतिवेदन, दस्तावेज र सूचनालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## उत्तरदायित्व वहनको महत्व र उद्देश्य

**४. उत्तरदायित्व वहनको महत्व :** (१) नेपालको संविधान र कानूनले निर्दिष्ट गरेका जिम्मेवारी र उत्तरदायित्व वहन गर्नु स्थानीय तहको मूल कर्तव्य हो ।

(२) नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने, उनीहरुको गुनासो व्यवस्थापन गर्ने, उनीहरुले अनुभूत गरेका समस्याहरु बुझ्ने र समाधान गर्ने मूल उपायको रुपमा उत्तरदायित्व वहनका उपाय, बिधि र प्रक्रियालाई लिइनु पर्छ ।

(३) नागरिकसँगको सहकार्य, प्रभावकारी सेवा प्रवाह, विकास निर्माणका कामहरु तथा शासकीय प्रणालीको व्यवस्थापनका लागि उत्तरदायित्व वहन एउटा ठोस माध्यमको रुपमा रहेको छ ।

(४) उत्तरदायित्वको माध्यमलाई स्थानीय तहले आफ्ना जिम्मेवारी र कर्तव्य पूर्णरुपमा पालना गरेको छ छैन भनी प्रभावकारी किसिमबाट परीक्षण गर्ने एउटा भरपर्दो औजारको रुपमा लिनु पर्छ ।

(५) उत्तरदायित्व वहन स्थानीय तहका लागि सुशासन कायम गर्ने र जनहितमा काम गर्ने अवसरको रुपमा लिइनु पर्छ ।

(६) यस कार्यविधिले औंल्याएका र अंगिकार गरेका उत्तरदायित्व वहनका उपायहरु कार्ययोजना बनाई अवलम्बन गर्नु स्थानीय तह र यसका संरचनाहरुको मूल कर्तव्य हो ।

(७) यस कार्यविधिले स्थानीय तहको उत्तरदायित्व वहन प्रणालीलाई निश्चित संरचना, विधि र प्रक्रियामा राखेर सबैको उत्तरदायित्व वहन कर्तव्यलाई एकरुपतामा ढाल्न मद्धत गर्नेछ ।

(८) आफ्ना नागरिकहरुलाई सेवा प्रवाहबाट सन्तुष्ट राख्नु र नागरिकका इच्छा अनुसार स्थानीय तहमा प्रतिनिधित्व गर्नु सबै जनप्रतिनिधिहरुको मूल कर्तव्य हो ।

**५. उत्तरदायित्व वहनको उद्देश्य :** (१) उत्तरदायित्व वहनको मूल उद्देश्य “नागरिकप्रति स्थानीय तहको जिम्मेवारी र कर्तव्य प्रभावकारी किसिमले पूरा गर्न सघाउ पुऱ्याउँदै नागरिकको गुनासो, प्रश्न र जिज्ञाशाको चित्तबुझ्दो उत्तर दिनु” रहेको छ ।

(२) उपबूँदा (१) अनुसारको उद्देश्य हासिल गर्न स्थानीय तहले निम्न अनुसारका कार्यगत उद्देश्यहरु पनि हासिल गर्ने प्रयास गर्नेछ :

(क) स्थानीय तहका क्रियाकलापबारे नागरिकमा जानकारी प्रवाह गरेर ज्ञान वृद्धि गर्दै नागरिक तथा स्थानीय तहको सम्बन्ध सुदृढ पार्ने ।

(ख) संविधान, कानून, नीति अनुसार योजना, कार्यक्रम, मापदण्ड र सेवा प्रवाह व्यवस्थापन गरी नागरिकमैत्री सुशासन कायम गर्ने ।

(ग) स्थानीय तहका योजना तथा क्रियाकलाय सञ्चालन, व्यवस्थापन तथा नियन्त्रणमा नागरिक केन्द्रित सन्तुलन कायम गर्ने ।

(घ) सेवा र विकास निर्माण कार्यलाई सहभागितामूलक, पारदर्शी, समावेशी, मितव्ययी, गुणस्तरीय तथा सेवाग्राहीमैत्री बनाउन टेवा प्रदान गर्ने ।

(ङ) स्थानीय तहका क्रियाकलापका सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन कार्यमा नागरिक सहभागिता अभिबृद्धि गरी गराई स्थानीय तहको उत्तरदायित्व वहन प्रणालीलाई नागरिकमैत्री बनाउने ।

(च) उत्तरदायित्व वहन प्रणालीबाट नागरिकको सूचना पाउने हकको संरक्षण गर्दै उनीहरुको सूचनामा पहुँच बृद्धि गर्ने, गुनासो सम्बोधन गर्ने तथा जनआवाजको कदर गर्दै तद्अनुकूल नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रेरित गर्ने ।

(छ) स्थानीय शासन प्रक्रियामा उत्तरदायित्व वहन प्रणालीलाई अविरल र सवलीकृत गर्न नागरिक समुदायको भूमिका प्रवर्द्धन गर्ने ।

(ज) नागरिकको चाहना, इच्छा र रोजाई अनुसार स्थानीय तहले प्रयोग गर्ने शक्ति तथा अधिकारको स्वरुप र बिधिलाई समायोजन गर्दै जाने ।

(झ) सेवा प्रवाहमा सुधार, दिगो विकास, स्थानीय शासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण र नागरिक सशक्तिकरणमा जोड दिने ।

(ञ) स्थानीय राजनीतिज्ञ र निर्वाचित पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीलाई जनता र समाजप्रति उत्तरदायी बनाउने पद्धतिको विकास गर्ने ।

(ट) स्थानीय तहलाई नागरिकबाट प्राप्त हुने नीतिगत, कार्यक्रमगत तथा सेवा प्रवाह व्यवस्थापनमा पृष्ठपोषण र सुझावलाई संस्थागत र अविरल बनाउँदै तद्अनुरुप उत्तरदायित्व बहन गर्न सघाउ पुऱ्याउने ।

**६. सहयोगको अपेक्षा :** (१) यस कार्यविधिका उद्देश्यहरु हासिल गर्न स्थानीय तहका जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवालाहरु र सर्वसाधारण नागरिकहरुले स्थानीय तहलाई सहयोग गर्छन् भन्ने अपेक्षा राखिएको छ ।

(२) उत्तरदायित्व वहनसम्बन्धी कार्यक्रम, गतिविधि तथा पहलहरुमा सबै नागरिक र सम्बद्ध पक्षको स्वामित्व रहने र कार्यक्रममा सक्रिय सहभागिता रहनेछ भन्ने अपेक्षा गरिएको छ ।

**७. उत्तरदायित्व वहनसम्बन्धी संबैधानिक व्यवस्था :** (१) स्थानीय तहले वहन गर्नु पर्ने उत्तरदायित्व विषयमा संविधानले निम्न अनुसार व्यवस्था गरेको छ, जसलाई स्थानीय तहले हुबहु कार्यान्वयन गर्नुपर्छ :

(क) संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं भनिएको छ ।

(ख) संविधानको धारा ४ मा नेपाल राज्यको व्यबस्थामा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनिएको छ ।

(ग) संविधानको धारा ५६ मा राज्यको संरचनामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । साथै, नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन् भनिएको छ ।

(घ) संविधानको धारा ५७ मा राज्यशक्तिको बाडफांडमा संबिधानको अनुसूची ५ अनुसार संघ सरकारको, अनुसूची ६ अनुसार प्रदेश सरकारको, अनुसूची ७ अनुसार संघ र प्रदेश सरकारको, अनुसूची ८ अनुसार स्थानीय तहको र अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारको एकल र साझा अधिकार हुनेछ भनिएको छ । साथै, तर, प्रदेश सरकार र स्थानीय तहले निर्माण गरेको कानून संघीय कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ भनिएको छ ।

(ङ.) संविधानको धारा ५८ मा अबशिष्ट अधिकारमा यो अधिकार संघ सरकारलाई हुनेछ भनिएको छ ।

(च) संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोगमा तीनै तहका सरकारले यस अधिकारको प्रयोग गर्नेछन् भनिएको छ । साथै, तर, (अ) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ । (आ) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ । (इ) बैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ । यस्तो सहायता वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुनेगरी लिनु पर्नेछ । (ई) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यबस्थापन तथा अन्य बित्तिय अनुशासन सम्बन्धी व्यबस्था संघीय कानून बमोजिम हुनेछ भनिएको छ ।

(च) संविधानको धारा ६० मा राजश्व स्रोतको वाडफाँडमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजश्व उठाउन सक्नेछन् तर, साझा सूचीभित्रको विषयमा र कुनैपनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजश्व उठाउने व्यबस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ भनिएको छ । साथै, नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यबस्था संघीय कानून बमोजिम हुनेछ भनिएको छ ।

(छ) संविधानको धारा २३१ मा संघ र प्रदेश वीचको व्यबस्थापकीय अन्तरसम्बन्धमा संघीय कानून नेपालभरी वा आवश्यक्तानुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ भनिएको छ ।

(ज) संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ । साथै, नेपाल सरकारले आफैँ वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आबश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ भनिएको छ ।

(झ) संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह वीच समन्वय कायम गर्न संघीय संसदले आबश्यक कानून बनाउनेछ भनिएको छ । साथै, प्रदेश, गाउँपालिका वा नगरपालिका वीच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ भनिएको छ ।

## परिच्छेद - ३

## उत्तरदायित्व व्यवस्थापन

**८. स्थानीय तहले अवलम्बन गर्ने उत्तरदायित्वको प्रकार :** (१) स्थानीय तहले उत्तरदायित्व वहन गर्न निम्न अनुसारका उत्तरदायित्वलाई आधार मान्ने छ :-

**(क) ठाडो उत्तरदायित्वः-** (अ) आफ्ना नागरिकप्रति प्रत्यक्ष रुपले स्थानीय तहले वहन गर्नु पर्ने उत्तरदायित्व हो ।

(आ) यस कार्यविधि अनुसार स्थानीय तहले ठाडो उत्तरदायित्व अनिवार्य रुपले वहन गर्नु पर्नेछ ।

(इ) ठाडो उत्तरदायित्वको रुपमा यस कार्यविधिमा १६ बटा उपाय वा औजारहरु प्रस्ताव गरिएका छन् । स्थानीय तहले यी सबै वा उपयुक्त उपाय वा औजारहरु अवलम्बन वा प्रयोग गर्न सक्नेछन् ।

**(ख) तेर्सो उत्तरदायित्वः-** (अ) आफ्ना नागरिकप्रति उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहको सभा, कार्यपालिकता, वडा समिति, विषयगत शाखा वा एकाइ, स्थानीय गौरवका आयोजना, तथा यस्तै अन्य निकायलाई तोकिएको उत्तरदायित्वसम्बन्धी प्रावधानहरु अवलम्बन गर्नु पर्नेछ ।

(आ) यस कार्यविधिले तोकेका उत्तरदायित्वका प्रावधान र उपायहरु पालिना गर्नु सबै निकाय र एकाइको अनिवार्य कर्तव्य हुनेछ ।

(इ) यस कार्यविधिको छैठौं परिच्छेदमा दिइएको आन्तरिक नियन्त्रण (तेर्सो उत्तरदायित्व) का प्रावधान अनुसार आ-आफ्ना दायित्वहरु अनिवार्य रुपमा पूरा गर्नेछन्

**९. उत्तरदायित्व वहन गर्नु पर्ने :** (१) सबै जनप्रतिनिधि र जनप्रतिनिधिलाई सघाउने कर्मचारी तथा व्यक्तिहरुले यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्नु पर्नेछ ।

(२) कानुनले तोके अनुसार सबैले बैधानिक उत्तरदायित्व वहन गर्नु पर्नेछ । कसैले वहन नगरेमा कानुनी उपचारको भागी हुनु पर्नेछ ।

(३) सबै जनप्रतिनिधि, सम्बद्ध कर्मचारी र व्यक्तिहरुले यस कार्यविधि अनुसार नैतिक उत्तरदायित्व वहन गर्नु पर्नेछ । सबै जनप्रतिनिधिले उच्च नैतिकता प्रदर्शन गर्नेछन् ।

**१०. उत्तरदायित्वका उपाय तथा माध्यम** : (१) यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्न स्थानीय निकायले निम्न अनुसारका उपाय वा औजार प्रयोग गर्न सक्नेछन् :-

| क्र.सं. | उपाय वा औजार | क्र.सं. | उपाय वा औजार |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | ९ | बालमैत्री सुशासन |
| २ | सामाजिक परीक्षण | १० | गैरसरकारी संस्था नियमन |
| ३ | सार्वजनिक परीक्षण | ११ | सूचनामा पहूँच र सूचनाको अधिकार |

| | | | |
|---|---|---|---|
| ४ | स्थानीय खर्चको सोधखोज (सार्वजनिक खर्च) प्रष्ट्याई | १२ | बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन |
| ५ | नागरिक बडापत्र | १३ | अनुगमन तथा पृष्ठपोषण |
| ६ | सामुदायिक सूचना पाटी | १४ | लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श |
| ७ | गुनासो व्यवस्थापन | १५ | सेवाग्राही सर्भेक्षण (Perception Survey) |
| ८ | लैङ्गिक उत्तरदायी बजेट | १६ | स्वेतपत्र वा स्थितिपत्र जारी |

(२) एकरुपता र निश्चित प्रक्रियाका लागि स्थानीय निकाय र सम्बन्धित संरचना वा कार्यालय वा एकाइ वा आयोजना/कार्यक्रमले निर्धारित ढाँचा र बिधि अनुसार उपबूँदा नं. (१) अनुसारका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(३) उपबूँदा नं. (१) अनुसारका उपायहरु अवलम्बन गर्दा निम्न कुरामा ध्यान दिनु पर्नेछ :-

(क) सर्वसाधारण नागरिक र सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

(ख) लक्षित वा लाभग्राहीवर्गलाई अधिकतम रुपमा समेट्ने ।

(ग) यी उपायहरु पारदर्शीढङ्गले सार्वजनिक रुपमा अपनाउने वा कार्यक्रम आयोजना गर्ने ।

(घ) उत्तरदायित्व वहनका प्रत्येक कार्यक्रम सञ्चालन गर्दा जिम्मेवार व्यक्तिको रुपमा संयोजक वा सम्पर्क व्यक्ति तोक्ने ।

(ङ) प्रत्येक कार्यक्रमको अभिलेख राख्ने, प्रतिवेदन तयार पार्ने र प्रतिवेदन स्वीकृत भएको सात दिनभित्र सार्वजनिक गरी सम्बन्धित निकाय वा व्यक्ति कहाँ पठाउने ।

## परिच्छेद - ४

## उत्तरदायित्व वहनका माध्यम

**११. सार्वजनिक सुनुवाई :** (१) उत्तरदायित्व वहनको महत्वपूर्ण औजारको रुपमा सार्वजनिक सुनुवाईलाई प्रयोग गर्नु पर्दछ ।

(२) कार्यपालिकाले बर्षमा कम्तिमा दुई पटक र अन्य संरचना वा निकायले बर्षमा कम्तिमा एक पटक आफ्ना नीति, कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नु अघि यस कार्यक्रमको उद्देश्य, कार्यक्रमको विषय, कार्यतालिका, सहभागीहरु, स्थान मिति र समय, खुलेको सूचना जारी गर्नु पर्नेछ । सहभागीहरुलाई औपचारिक रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(४) सार्वजनिक सुनुवाई प्रारम्भ भएपछि यस कार्यक्रमको उद्देश्य र उपादेयता बारेमा संक्षिप्त जानकारी दिएर विषयबस्तु प्रस्तुत गरेर छलफलको आयोजना गर्नु पर्नेछ ।

(५) छलफलको क्रममा सहभागीलाई बोल्न प्राथमिकता दिनु पर्नेछ र पालै पालो बोल्न वा प्रश्न गर्न प्रेरित गर्नु पर्नेछ ।

(६) सार्बजनिक सुनुवाई कार्यक्रम मर्यादित ढङ्गले सञ्चालन हुनुपर्नेछ ।

(७) सहभागीका धारणहरु टिपोट गर्नु पर्नेछ । टिपोटको आधारमा जवाफ दिने र कार्यक्रमको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(८) इच्छुक सबै सहभागीहरुले आफ्ना धारणा राखेपछि त्यहाँ उठेका प्रश्न वा जिज्ञासाहरु बारे स्थानीय तहका सम्बन्धित जिम्मेवार व्यक्तिहरुले पालै पालो चित्तबुझ्दो उत्तर दिनु पर्नेछ ।

(९) दिइएको उत्तरमा कसैको प्रश्न वा जिज्ञासा छ भने सो समेत राख्ने मौका दिनु पर्नेछ ।

(१०) यसपछि सार्वजनिक सुनुवाई कार्यक्रमको निचोड सहित समापन गर्नु पर्नेछ ।

(११) यस्तो कार्यक्रमको प्रतिवेदन तयार गर्नु पर्नेछ र सो प्रतिवेदन कार्यपालिकाले स्वीकृत गरी कार्यान्वयनको लागि तत् तत् शाखा, निकाय वा एकाइमा पठाउनु पर्नेछ ।

(१२) सार्वजनिक सुनुवाई सम्बन्धमा बार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(१३) सार्वजनिक सुनुवाई गर्दा सकेसम्म निष्पक्षता र विवाद व्यवस्थापनका लागि स्वतन्त्र संस्था वा विज्ञबाट सहजिकरण गराउनु पर्नेछ ।

(१३) यस कार्यक्रममा अनावश्यकरुपमा व्यक्तिगत लांल्छना लगाउने, अशिष्ट भाषा प्रयोग गर्ने, झैझगडा गर्ने, कार्यक्रम बिथोल्ने, कार्यक्रममा उत्तेजना फैलाउने लगतयतको कार्य निषेध गर्नुपर्छ ।

**१२. सामाजिक परीक्षण :** (१) महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, जनजाती, अपाङ्गता भएका, असहाय, सीमान्तकृत, बेरोजगार, बहिष्करणमा परेका, मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्वासी जस्ता लक्षित वर्गका लागि सञ्चालन गरेको नीति र कार्यक्रम लक्ष्य अनुसार सबैको पहूँचमा पुग्यो पुगेन ?

वातावरणमैत्री तरिकाले सञ्चालन गरियो गरिएन ? लाभ र प्रतिफल समुचित रुपमा वितरण भयो भएन ? सामाजिक न्याय कायम गर्न सकियो सकिएन ? जस्ता समाजसँग प्रत्यक्ष रुपले सम्बन्धित क्षेत्रहरुमा अपेक्षित नतिजा प्राप्त भयो वा भएन भनी कार्यपालिकाले प्रत्येक आर्थिक बर्षमा कम्तिमा एक पटक सामाजिक परीक्षण गराउनु पर्छ ।

(२) सामाजिक परीक्षण गर्दा मूलतः समुदायको माग र प्राथमिकतालाई सम्बोधन गरियो गरिएन ? स्रोत साधनको समुचित वितरण भयो भएन ? कार्यक्रमहरु सञ्चालन गर्दा लक्षित वर्गको स्वामित्व कस्तो रह्यो ? सेवा प्रवाह गर्दा पारदर्शिताको अवस्था कस्तो रह्यो ? सामाजिक सद्भाव कायम गर्न र कुरिती निर्मूल पार्न कस्तो योगदान रह्यो ? भन्ने विषयमा केन्द्रीत गरिनु पर्छ ।

(३) स्थानीय तहसँग प्रत्यक्ष सम्वन्ध वा सरोकार नभएका बिज्ञ संस्था वा व्यक्तिबाट निष्पक्ष रुपमा सामाजिक परीक्षण गराउनु पर्छ । आवश्यक भएमा स्थानीय तहले सामाजिक परीक्षण समन्वय समिति बनाई विज्ञहरु परिचालन गर्न सक्नेछ ।

(४) सामाजिक परीक्षण प्रतिवेदन प्राप्त भएपछि १५ दिनभित्र कार्यपालिकाले सो प्रतिवेदन विश्लेषण गरी स्वीकृत गर्नु पर्नेछ र कार्यान्वयनमा लैजानु पर्नेछ ।

**१३. सार्वजनिक परीक्षण :** (१) सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संस्था तथा सामुदायिकस्तरवाट हुने विकासका विविध क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी र मितव्ययी बनाउन सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिताको अवस्था नियमित रुपमा परीक्षण गरिनु पर्छ ।

(२) परियोजनाका लागि कहाँबाट कति पैसा आयो ? कति खर्च भयो ? को को व्यक्तिहरु संलग्न भए ? र कसरी खर्च गरियो ? कस्तो खरिद प्रक्रिया अपनाइयो ? खर्च पारदर्शी ढङ्गले गरियो कि गरिएन ? र योजना सञ्चालन गर्दा के कस्ता कमी कमजोरी भए, भन्ने बारेमा लाभग्राही, जनता वा योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ता समूह र व्यक्तिहरुबाट पृष्ठपोषण लिइनु पर्छ ।
(३) यस्तो परीक्षण योजना सञ्चालन भएकै स्थानमा सो योजनामा संलग्न मजदुर, प्राविधिक, इन्जिनियर, ठेकेदार, लेखा तथा स्टोरका कर्मचारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा उक्त योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ताको सहभागितामा सम्पन्न गरिनु पर्छ ।

(४) औपचारिक रुपमा सरोकारवालाबाट खर्चको लेखाजोखा गरिने संयन्त्र भएकोले यो संयन्त्रले विकास निर्माणको प्रशासनिक तथा आर्थिक व्यवस्थापन पक्षको प्रभावकारिता परीक्षण गर्दछ । यसैले यस्तो परीक्षण सरोकारवालाबाट अभिमत सङ्कलन गर्न प्रयोग गर्नु पर्छ ।

(५) योजना तथा कार्यक्रममा भएको लगानी तथा योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियाको आधारमा सार्वजनिक परीक्षणलाई (क) समुदायस्तरवाट गरिने सार्वजनिक परीक्षण (ख) स्थानीय तहको सहयोगमा गरिने सार्वजनिक परीक्षण गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यसो भए पनि स्थानीय तहको प्रत्यक्ष संलग्नता वा सामान्य सहयोगबाट सार्वजनिक परीक्षण गर्ने गराउने बिधिलाई स्थानीय तहले प्राथमिकता दिनु पर्छ ।

(६) स्थानीय तहको संलग्नतामा रु दशलाख भन्दा कम रकम लगानी भएका योजनाहरुको परीक्षण उपभोक्ता समिति, गैरसरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्थाबाट गराउनु उपयुक्त हुन्छ ।

(७) सार्वजनिक परीक्षणका निमित्त कम्तिमा सात दिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थान खोली समुदायका सदस्यहरुलाई सामुदायिक परीक्षणको सूचना दिनु पर्छ ।

(८) योजना सम्वन्धी विवरण तयार गरी सार्वजनिक परीक्षण कार्यक्रममा योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायले सम्पन्न योजना सम्वन्धी विवरण सार्वजनिक परीक्षण कार्यविधि, २०६७ मा दिइएको ढाँचामा तयार गरी आम्दानी कति भयो ? खर्च कति भयो ? मौज्दात कति बाँकी छ ? आदि बिषय सामुदायिक भेलामा पेश गर्ने, छलफल गराउने र अनुमोदन भए / नभएको व्यहोराको निर्णय अभिलेखित गर्नु पर्छ ।

**१४. स्थानीय खर्चको सोधखोज (सार्वजनिक खर्च प्रष्ट्याईं) :** (१) स्थानीय तहको संलग्नतामा स्थानीय स्तरमा हुने सबै प्रकारका खर्चको विवरण सार्वजनिक खर्च प्रष्ट्याई वा सोधखोज (Local Expenditure Tracking) माध्यमबाट नियमित र विस्तृत रुपमा सार्वजनिक गर्नु पर्छ ।

(२) बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमी कमजोरी, अनियमितता, चुहावटसम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गर्ने ध्येयले स्थानीय खर्चको सोधखोज कार्यक्रम गर्नु पर्छ ।

(३) स्थानीय खर्चको सोधखोज गर्दा स्थानीय वजेट र स्थानीय निकाय क्षेत्रवारे ज्ञान भएका विज्ञहरु समावेश भएको एउटा टोली वनाउने र सरकारबाट स्थानीय तहमा अनुदानका लागि विनियोजन गरिएको बजेट, संघीय सरकारबाट स्थानान्तरण हुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले कति सिफारिस गरेको थियो ? कति हस्तान्तरण भयो ? भन्ने कुराको विवरण तयार पारी छलफल गरेर प्रतिवेदन बनाउनु पर्छ ।

**१५. नागरिक बडापत्र :** (१) आफ्नो कार्यालयले नागरिकलाई प्रदान गर्ने सेवा सम्बन्धमा कार्यविधिको रुपमा नागरिक बडापत्र तयार गर्नु पर्नेछ ।

(२) उपबूँदा (१) अनुसार बडापत्र तयार गर्दा कम्तिमा सेवाको विवरण, किसिम, सेवाग्राहीले पेश गर्नु पर्ने कागजात तथा प्रमाण, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्राप्त गर्न लाग्ने अधिकतम समय, सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी, सेवाको गुणस्तर, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा क्षतिपूर्ति तथा उपचारको विधि जस्ता कुराहरु खुलाउनु पर्छ ।

(३) यी विवरणको संक्षिप्त तर स्पष्ट विवरण सेवाग्राहीले सजिलै जानकारी पाउन् भन्ने ध्येले सबैले देख्ने र बुझ्ने गरी कार्यालयको हातामा सूचना पाटीको रुपमा टाँग्नु पर्नेछ ।

(४) सुशासन ऐन, २०६४ को दफा २५ र सुशासन नियमावली, २०६५ को नियम १४ ले नागरिक बडापत्र सम्बन्धी व्यवस्था गरेको छ, जसको पालना अनिवार्यरुपमा गर्नु पर्नेछ । यस ऐन र नियमावलीले सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ व्यवस्था गरेको छ ।

(५) नागरिक बडापत्रको सूचना वेबसाइटमा पनि राख्नु पर्नेछ ।

(६) विद्युतीय माध्यम वा अनलाइन सेवा प्रदान गर्ने अवस्थामा कार्यालयको सम्बन्धित साइट वा एपमा नागरिक बडापत्रको विवरण अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(७) नागरिक बडापत्र अनुसार सेवा प्राप्त नभएको अवस्थामा यस बारे गुनासो गर्ने सरल र स्पष्ट व्यवस्था हुनु पर्नेछ ।

(८) कुनै कर्मचारीको लापरवाही वा ढिलासुस्तीका कारणले नागरिकलाई हानि नोक्सानी पुऱ्याएमा सेवाग्राहीलाई सुशासन नियमावलीको नियम १४ (५) को व्यवस्था अनुसार अधिकतम् रु ५ हजार रूपैयाँसम्म सम्बन्धित कर्मचारीबाटै क्षतिपूर्ति भराउन सक्ने व्यवस्थालाई कार्यान्वयन गर्ने प्रावधान हुनु पर्नेछ ।

**१६. सामुदायिक सूचना पाटी :** (१) स्थानीय तहले नागरिकलाई महत्वपूर्ण जानकारी सामुदायिक सूचना पाटीबाट पनि प्रदान गर्न सक्छन् ।

(२) नागरिकलाई उपयोगी हुने सूचनाहरु यस्ता पाटीमा टाँस्नु पर्छ ।

(३) सूचना सामग्री सुरक्षित रहने गरी सूचना पाटी बनाउन सकिन्छ र सो पाटीमा सूचना टाँसेर सर्वसाधारणले सजिलै देख्न र पढ्न सक्ने गरी यथास्थानमा टाँग्नु पर्नेछ ।

(४) के कस्ता सूचना यस्ता पाटीमा टाँस्ने भन्ने कुराको निधो कार्यपालिकाले गर्नु पर्नेछ तर सूचनाहरु स्थानीय भाषामा तथा सबैले बुझ्ने भाषामा तयार पार्नु पर्नेछ ।

(५) सामुदायिक सूचना पाटीलाई पारदर्शिता पाटी वा सामाजिक उत्तरदायित्वको सूचना पाटीको रुपमा लिनु पर्नेछ ।

(६) सूचना पाटीमा स्थानीय तहका सूचना मात्र हुनु पर्छ भन्ने छैन, उपयोगिताका आधारमा अन्य कार्यालय, गैरसरकारी संस्था वा अन्य निकायका सूचनाहरु टाँस्न कार्यपालिकाले अनुमति दिन सक्छ ।

(७) सार्वजनिक सूचना पाटीलाई सकेसम्म संक्षिप्त र कुनै खास विषयका सूचना प्रवाह गर्ने माध्यमको रुपमा लिन सकिन्छ ।

**१७. गुनासो व्यवस्थापन :** (१) ठाडो उत्तरदायित्व वहनको महत्वपूर्ण माध्यमको रुपमा रहेको गुनासो व्यवस्थापनलाई स्थानीय तहले प्राथमिकता दिनु पर्नेछ ।

(२) आफ्ना नागरिकको प्रत्येक गुनासोलाई उचित व्यवस्थापन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य र जिम्मेवारी हुन्छ ।

(३) सर्वसाधारण नागरिकले आफ्ना गुनासो व्यक्तिगत वा सामुहिक रुपमा उजुरी, निवेदन, रायसल्लाह, जानकारी कुनै पनि तरिकाले सहज र सजिलो माध्यमबाट स्थानीय तहमा जुनसुकै बेला पनि दिनसक्ने गरी गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) विद्युतीय, अनलाईन, लिखित, मौखिक सबै प्रकारका माध्यमबाट नागरिकले गुनासो दिन सक्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) स्थानीय निकायमा जुनसुकै माध्यमबाट प्राप्त भएको भए पनि प्रत्येक गुनासो सम्बोधन हुनु पर्नेछ । गुनासोकर्तालाई चित्तबुझ्ने तरिकाले गुनासो किनारा लगाउनु पर्नेछ । सोको जानकारी गुनासोकर्तालाई दिनु पर्नेछ ।

(६) गुनासोकर्ताले सजिलै थाहा पाउन सक्ने किसिमले गुनासो व्यवस्थापनको प्रक्रिया वा प्रगति पहिल्याउन ( ट्रयाकिंग गर्न) सक्ने व्यवस्था हुनुपर्नेछ ।

(७) अनलाइन, लिखिन निवेदन, उजुरी पेटिका, डिजिटल माध्यम, मौखिक, लिखित जुनसुकै स्वरुपमा व्यक्तिगत, सामुहिक कुनै पनि तरिकाले गुनासो व्यक्त गर्न सक्ने प्रावधान गर्नु पर्नेछ । सबै गुनासोको महत्व समान हुनु पर्छ ।

(८) स्थानीय तहले सञ्चालन गरिरहेको हेल्प डेस्कलाई गुनासो सुन्ने, प्राप्त गर्ने, प्रशोधन गर्ने र गुनासोकर्तालाई जवाफ दिने मुख्य माध्यम बनाउन सकिन्छ ।

(९) गुनासो व्यवस्थापनमा गुनासो सुन्ने अधिकारी, गुनासो सुन्ने सम्बन्धमा कुनै उजुरी छ भने त्यस्तो उजुरी लिने व्यक्ति, गुनासोको अभिलेख, गुनासो फछ्र्यौट र त्यसको जानकारी गुनासोकर्तालाई दिने व्यवस्था अनिवार्य रुपमा हुनुपर्नेछ ।

(१०) स्थनीय तहले गुनासो सुन्ने अधिकारी तोकी निजको विवरण सार्बजनिक गर्नुपर्नेछ ।

**१८. लैङ्गिक उत्तरदायी बजेट :** (१) स्थानीय तहले तर्जुमा गर्ने बजेटबाट महिला र पुरुषको विकासमा पुऱ्याएको योगदानको परीक्षण तथा लेखाजोखा गरी लैङ्गिक समानता हासिल गर्ने एउटा संयन्त्रको रुपमा लैङ्गिक उत्तरदायी बजेटलाई लिइनु पर्छ ।

(२) लैङ्गिक उत्तरदायी बजेट भनेको सरकारी बजेट मात्र होईन, यसलाई गैरसरकारी संस्था, दातृ निकाय, साझेदारी संस्था, निर्वाचित निकाय तथा सरकारद्वारा निर्माण गरिने बजेटको समष्टी स्वरुपमा लिइनु पर्छ ।

(३) स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रकियामा लैङ्गिक उत्तरदायी बजेटका लागि लक्षित गरी स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ लागू भएकोमा सो निर्देशिकाको पूर्ण पालना गर्नु पर्नेछ ।

(४) नेपाल सरकारले हस्ताक्षर गरेका महिला विरुद्ध सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी (CEDAW), बेईजिग कार्यमन्च (BPFA) र सहस्राब्दी बिकास लक्ष्य (MDGs) तथा दिगो विकासको अबधारणा (SDGs) जस्ता अर्न्तराष्ट्रिय दस्तावेजहरुमा जाहेर गरिएका प्रतिबद्धता तथा राष्ट्रिय नीतिहरुको समानता सम्बन्धी उद्देश्य पूरा गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ ।

(५) लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीय तहले आफ्नो बार्षिक नीति, कार्यक्रम तथा बजेटको अभिन्न अङ्ग बनाउनु पर्नेछ ।

**१९. बालमैत्री सुशासन :** (१) बाल बचाउ, बाल संरक्षण, बालविकास, बालसहभागिता जस्ता बालअधिकारका चार पक्षकाका लागि स्थानीय शासनका सूचकहरु तयार पारी बालमैत्री सुशासन कायम गर्न प्रयास गर्नु पर्नेछ ।

(२) बाल बचाउ कार्य्रक्रम अन्तर्गत (क) पांच बर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा डिपिटी, हेपटाइटिस वि, दादुरा लगायतका खोपको व्यवस्था, (ख) गर्भवती आमा सुत्केरी गराउन दक्ष स्वास्थ्यकर्मीको व्यवस्था, (ग)

गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने व्यवस्था गर्नु पर्नेछ ।

(३) बाल संरक्षणका सूचकका रुपमा (क) ५ बर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता गर्ने, (ख) बाल विवाहलाई दुरुत्साहन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) बाल विकासका सूचकका रुपमा (क) कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका शतप्रतिशत बालबालिकाहरु विद्यालयमा भर्ना हुने व्यवस्था, (ख) औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा, (ग) प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालय हुने व्यवस्था गर्नु पर्नेछ ।

(५) बाल सहभागिताका सूचकका रुपमा (क) स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने योजनालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्राथमिकता दिन गरेको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ ।

(६) बालबालिका भविष्यका कर्णधार भएकाले उनीहरुको शिक्षा, स्वास्थ्य, पोषण, खेलकूद, हेरचाह र व्यक्तित्व विकासका लागि स्थानीय तहले पर्याप्त ध्यान दिनु पर्नेछ ।

**२०. गैरसरकारी संस्था नियमन :** (१) नेपालको संविधान, स्थानीय तहसँग सम्बन्धित कानून एवं सार्वजनिक नीतिको आधारमा स्थानीयस्तरका नागरिक गैरसरकारी संस्थाहरुको नियमन गर्नु स्थानीय तहको कर्तव्य हो ।

(२) गैरसरकारी संस्थाहरुको नियमन गर्दा स्थानीय तहले सेवाग्राहीको हीतलाई मध्येनजर गर्दै यी संस्थाको कार्यविवरण र आचार संहिता तयार पार्नु पर्नेछ ।

(३) स्थानीय तहले नियमन गर्दा यी संस्थाहरुको आन्तरिक सुशासन, कार्य व्यवस्था अनुगमन, वैधानिकता, सहभागिता, स्वामित्व, जस्ता विषयमा समाजप्रति उत्तरदायी हुने किसिमले गर्नु पर्नेछ ।

(४) नागरिकको सूचनाको हकलाई संरक्षण गर्ने ध्येयले जनसम्पर्क, सूचना प्रवाह, सामाजिक उत्तरदायित्व सम्बन्धमा स्थानीय तह विशेष चनाखो हुनु पर्नेछ ।

(५) सामाजिक उत्तरदायित्वको क्षेत्रमा नागरिक समाजको भूमिका र ती संस्थामा काम गर्ने कर्मचारीहरुको आचार संहिता समेत पहिचान हुने गरी नियमनको व्यवस्था हुनु पर्नेछ ।

(६) गैरसरकारी संस्थाको भूमिकाले स्थानीय तहको उत्तरदायित्व वहनमा प्रत्यक्ष प्रभाव पर्न सक्ने हुनाले स्थानीय तहले यस कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

**२१. सूचनामा पहूँच र सूचनाको अधिकार :** (१) उत्तरदायित्व वहनको मुख्य माध्यम सूचना र जानकारी भएकोले स्थानीय तहले पूर्ण तरिकाले पारदर्शी हुने गरी आफूसँग भएको सूचना तथा जानकारी आफ्ना नागरिहरुको सहज र सरल प्रकारले नियमित रुपमा प्राप्त गर्न सक्ने गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) सार्वजनिक चासो र हितका सूचनाहरु नियमितरुपमा सरल माध्यमबाट स्थानीय तहले आवधिक र पटके रुपमा प्रवाह गर्ने व्यवस्था गर्नु पर्नेछ । सूचना प्रवाहमा कुनै पनि प्रकारको अवरोध नआओस् भनेर सजग हुनु पर्नेछ ।

(३) नागरिकको व्यक्तिगत सूचनाको हकलाई पूर्ण सम्मान गर्नु पर्नेछ। कानूनले व्यवस्था गरेको हदसम्म व्यक्तिको वैयक्तिक सूचनालाई संरक्षण गर्ने वाहेक स्थानीय तहमा सृजना भएका र/वा स्थानीय तहले सङ्कलन गरेका सूचना सार्वजनिक सम्पत्ति हुन् भन्ने मान्यताका आधारमा पारदर्शी र प्रवाहयोग्य हुनु पर्नेछ।

(४) विना अवरोध सूचना प्रवाह गर्नु लाभको पद धारण गरेका सबै व्यक्ति र पदाधिकारीको अनिवार्य कर्तव्य हुनेछ।

(५) स्थानीय तहले अनिबार्यरुपमा सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्नुपर्नेछ।

**२२. बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन :** (१) स्थानीय तहले आफ्ना काम, कार्यसम्पादन र कार्यप्रगति बारे जानकारी दिन नियमित रुपमा दैनिक, साप्ताहिक, मासिक, बार्षिक, विषयगत तथा प्राविधिक प्रतिवेदनहरु तयार पार्नु पर्नेछ।

(२) उपबूँदा नं. (१) अनुसारका प्रतिवेदनहरुका अतिरिक्त सर्वसाधारणलाई विभिन्न विषयमा जानकारी दिने उपयुक्त सामग्रीहरु पनि प्रकाशित गर्नु पर्नेछ।

(३) यस्ता प्रतिवेदन तथा सामग्रीहरु तयार भई स्वीकृत भएको बढीमा एक हप्ता भित्र सार्वजनिक गरिसक्नु पर्नेछ।

(४) यी सबै प्रतिवेदनहरु अनिबार्यरुपमा स्थानीय तहको वेभसाईटमा राख्नु पर्नेछ।

**२३. अनुगमन (स्थलगत सहित) तथा पृष्ठपोषण :** (१) स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा भइरहेका काम, गतिविधि, आयोजना सञ्चालन, सेवा प्रवाह र सामाजिक सहजिकरणका गतिविधिको कार्ययोजना बनाएर नियमित रुपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपबूँदा (१) अनुसारको अनुगमनमा स्थानीय तह आफैंले सञ्चालन गरेका सेवा र आयोजनाका अतिरिक्त अन्य सरकारी तथा गैरसरकारी निकाय एवं निजी क्षेत्रले सञ्चालन गरेको व्यवसाय पनि पर्दछ।

(३) यस्तो अनुगमन डेस्क, स्थलगत तथा विद्युतीय प्रणाली सबै किसिमबाट गर्न सकिन्छ।

(४) प्रत्येक अनुगमन कार्यबाट देखिएका कैफियत, रायसल्लाह र पृष्ठपोषण सहितको प्रतिवेदन तयार पार्नु पर्नेछ र सम्बन्धित निकायलाई सो प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ।

(५) अनुगमन कार्यबाट देखिएका कैफियत र प्रदान गरिएका राय सुझाव कार्यान्वयन भयो कि भएन भनेर पनि नियमित रुपमा अनुगमन विश्लेषण गर्नु पर्नेछ।

**२४. लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श :** (१) आफुले गरिरहेको काम, गतिविधि, प्रगति, नागरिक चासोका विषय आदिमा लाभग्राही, सरोकारवाला सर्वसाधारण नागरिकको राय परामर्श लिन र धारणा बुझ्न उनीहरुलाई प्रत्यक्ष र सक्रिय रुपमा सहभागी गराउनु पर्नेछ।

(२) नागरिकको सहभागिता र स्वामित्व विना कुनै पनि नीति, कानुन, योजना, बजेट, परियोजना परित र कार्यान्वयन गर्न हुँदैन।

(३) सर्वसाधारण नागरिक र सेवाग्राहीसँग समय समयमा परामर्श गर्नु आवश्यक ठानिनु पर्छ।

(४) उत्तरदायित्व वहनको एउटा सशक्त माध्यम लाभग्राही र सरोकारवालाहरुसँग परामर्श गर्नु र परामर्शबाट आएका निचोडहरु कार्यान्वयन गर्नु हो भन्ने कुरालाई प्राथमिकता दिनु पर्छ ।

(५) स्थानीय तहले गर्ने कुनै पनि कामको स्वामित्व लाभग्राही र सरोकारवालाले पनि लिउन् भन्ने प्रयास गरिनु पर्छ ।

**२५. सेवाग्राही सर्भेक्षण (Perception Survey) :** (१) आफुले प्रवाह गरेको सेवा, प्रदान गरेको सुशासन र सञ्चालन गरेको कार्यक्रमको प्रभावकारिता, नतिजा र सेवाग्राहीको सन्तुष्टिको अवस्था पहिल्याउन स्थानीय तहले नियमित रुपमा सेवाग्राहीको राय तथा धारणा बुझ्न सर्भेक्षण गरिरहनु पर्नेछ ।

(२) यस्तो सर्भेक्षणलाई सेवाग्राही सन्तुष्टि सर्भेक्षणको रुपमा पनि लिन सकिन्छ ।

(३) यस्ता सर्भेक्षण सकेसम्म स्वतन्त्र विज्ञहरुको टोलीबाट गराउनु पर्छ र तथ्याङ्किय सूत्रहरु **(Stastitical method)** प्रयोग गरेर सर्भेक्षण गर्ने प्रयास गरिनु पर्छ ।

(४) यस्ता सर्भेक्षणका प्रतिवेदनहरु व्यापक रुपमा सार्वजनिक गरिनु पर्छ ।

(५) सर्भेक्षणबाट देखिएका निचोडहरु समय मै उपयुक्त किसिम र माध्यमबाट कार्यान्वयन गरिनु पर्छ ।

**२६. स्वेतपत्र वा स्थितिपत्र जारी :** (१) स्थानीय तहले समय समयमा आफ्नो काम र कार्यक्रमको वर्तमान अवस्था बारे नागरिकलाई विस्तृत रुपमा जानकारी दिन स्वेतपत्र वा स्थितिपत्र जारी गर्नु पर्नेछ ।

(२) नीति, कार्यक्रम, व्यवस्थापन वा समग्र सेवा प्रवाहमा कुनै विशेष परिवर्तन हुन लाग्यो, कुनै नयाँ महत्वपूर्ण कार्यक्रम ल्याउन लागियो वा कुनै विशिष्ट परिस्थिति सिर्जना भयो भने नागरिकलाई आफ्नो स्थिति बारे जानकारी दिन आवश्यक हुन सक्छ, स्थानीय तहले आवश्यकता महसुश गर्न सक्छ ।

(३) उपबूँदा नं. (२) अनुसारको अवस्थामा स्थानीय निकायले स्वेतपत्र वा स्थिति पत्र जारी गर्नु वाञ्छनीय हुन्छ ।

(४) स्वेतपत्रमा बर्तमान अवस्था, विशिष्ट परिस्थितिको व्याख्या, स्थानीय तहले चाल्न लागेको कदम वा गर्न लागेको काम, त्यसबाट नागरिकलाई पर्न सक्ने सकारात्मक एवं नकारात्मक प्रभाव, नागरिकबाट स्थानीय तहले गरेको अपेक्षा जस्ता कुरा समेटिनु पर्छ ।

## परिच्छेद - ५

## कार्यान्वनको लागि संस्थागत व्यवस्था

**२७. स्थानीय ठाडो उत्तरदायित्व व्यवस्थापन :** (१) स्थानीय तहले उत्तरदायित्व व्यवस्थापन तथा प्रयोग गर्दा निम्न अनुसारका बूँदामा ध्यान पुऱ्याउनु पर्नेछ :-

(क) परिच्छेद ३ अनुसारका उत्तरदायित्वका माध्यम र औजारको उपयुक्त प्रयोग वा कार्यान्वयन ।

(ख) यी माध्यमहरु कार्यान्वयन गर्दा नागरिकहरुको स्वामित्व र सक्रिय सहभागिता सुनिश्चित ।

(ग) बिधिवत् योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र प्रतिवेदन तयारी ।

(घ) सम्पूर्ण काम र गतिविधिको दस्तावेज तयार र सिलसिलेबार अभिलेखिकरण ।

(ङ) नियमित रुपमा नागरिकको राय, प्रतिक्रिया तथा पृष्ठपोषण सङ्कलन, प्रशोधन, विश्लेषण र सार्वजनिकीकरण ।

(च) सेवा प्रवाहको प्रभावकारिता तथा सेवाग्राही सन्तुष्टिको नियमित परीक्षण ।

(छ) विज्ञहरुको सेवा प्राप्ति र प्रविधिको प्रयोग ।

(२) उपबूँदा नं. (१) बमोजिमका औजारहरुको प्रयोग गर्दा खर्च क्षमता, खर्च व्यवस्था र अपेक्षित उपलब्धिलाई समेत मनन गर्नुपर्नेछ ।

**२८. उत्तरदायित्व वहन सम्पर्क व्यक्ति** (१) स्थानीय निकायले यस कार्यविधि अनुसार उत्तरदायित्व वहन भएको छ वा छैन भनी अनुगमन, परीक्षण र मूल्याङ्कन गर्न प्रमुख/अध्यक्षलाई उत्तरदायित्व वहन प्रमुख सम्पर्क व्यक्ति तोक्न सक्नेछ । निजले स्थानीय तहका कुनै पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृतलाई यस्तो जिम्मेवारी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस कार्यविधि अनुसार उत्तरदायिन्व वहन गर्नु स्थानीय तहका प्रत्येक पदाधिकारी र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) कार्यस्थानीय तह, वडा समिति, विषयगत कार्यालय, स्थानीय गौरबका आयोजनाका प्रमुखहरुले यस कार्यविधि वमोजिम उत्तरदायित्व वहनका माध्यम तथा उपायहरुलाई समेटी कम्तिमा बार्षिक कार्यक्रम बनाएर कार्यान्वयन गर्नु पर्नेछ ।

(४) प्रत्येक नागरिकको जिज्ञाशा तथा गुनासो व्यवस्थापन गर्नु उत्तरदायित्व वहनको अनिवार्य माध्यम मानिनेछ ।

## परिच्छेद - ६

## तेर्सो (आन्तरिक नियन्त्रण) उत्तरदायित्व व्यवस्थापन

**२९. आन्तरिक नियन्त्रण (तेर्सो उत्तरदायित्व व्यवस्थापन** (१) स्थानीय तहमा उत्तरदायित्व सम्बन्धी व्यवस्थाको आन्तरिक नियन्त्रण यस परिच्छेद अनुसार गर्नु पर्नेछ ।

(२) आन्तरिक नियन्त्रण सम्बन्धी उत्तरदायित्व र जिम्मेवारी निम्न अनुसार हुनेछ :-

**(क) सहकारिता, सहअस्तित्व र समन्वय प्रबर्द्धन गर्ने जिम्मेवारी :** नेपालको संविधानको धारा २३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा उल्लेख भए बमोजिम स्थानीय तहले आफ्नो अधिकारको प्रयोग गर्दा संघ र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्ने उत्तरदायित्व पालना गर्नुपर्नेछ ।

**(ख) स्थानीय तहको संख्या र सिमाना हेरफेर गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ अनुसार स्थानीय तहको संख्या र सिमाना हेरफेर गर्नु परेमा सभाको दुईतिहाई बहुमतबाट प्रदेशमा लेखी पठाउनु पर्छ । यसर्थ, गाउँ वा नगर कार्यपालिका यस प्रयोजनका लागि गाउँ वा नगर सभा र प्रदेश सरकारप्रति उत्तरदायी हुनु पर्नेछ ।

**(ग) स्थानीय तहको नाम र केन्द्र हेरफेर गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ मा स्थानीय तहको नाम र केन्द्र हेरफेर गर्नु परेमा दुईतिहाई बहुमतबाट प्रदेश सरकार मार्फत संघीय सरकारमा पठाउनु पर्छ । यसर्थ, गाउँ वा नगर कार्यपालिका यस प्रयोजनका लागि गाउँ वा नगर सभा र संघीय सरकारप्रति उत्तरदायी हुनु पर्नेछ ।

**(घ) सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गराउने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ मा प्रदेश सरकारले कुनैपनि स्थानीय तहलाई सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गर्न सक्ने व्यबस्था छ । यस्का लागि स्थानीय तह गाउँ वा नगर सभा र प्रदेश सरकार प्रति उत्तरदायी भई आफ्नो स्थानीय तहलाई सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गराउन उत्तरदायी हुनुपर्नेछ ।

**(ङ.) न्यूनतम दररेट निर्धारणको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा बमोजिम स्थानीय तहले न्यूनतम दररेट निर्धारण गर्नु पर्नेछ। यस्तो न्यूनतम दररेट नेपाल सरकारले तोकेभन्दा कम हुनु हुँदैन । यस्को सुनिश्चितताका लागि स्थानीय तहले सभामा तुलनात्मक तालिका प्रस्तुत गरी उत्तरदायित्व बहन गर्नु पर्नेछ ।

**(च) समिति, उपसमिति वा कार्यदल गठन गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ मा स्थानीय तहले समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने व्यबस्था छ । यस अनुसार आबश्यक समिति, उपसमिति र कार्यदल गठन गरी संभव भएसम्मका अधिकतम वडा सदस्यहरुलाई समेत जिम्मेवारी दिनु पर्नेछ । साथै, यस सम्बन्धी कामको प्रगति सभामा प्रस्तुत गर्नु कार्यपालिकाको उत्तरदायित्व हुनेछ ।

**(छ) संघ संस्थालाई परिचालन गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ मा स्थानीय तहले उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी र गैरसरकारी संस्थालाई परिचालन र समन्वय गर्नेछ भनिएको छ । यसर्थ, यी निकायहरुलाई अधिकतम् जिम्मेवारी प्रदान गरी परिचालन गर्नु पर्नेछ

। साथै, यी संघ संस्थाबाट भए गरेका प्रगति विवरण नियमितरुपमा सभामा पेश गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(ज) कामको वाडफांड गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहको कार्यसम्पादन र कार्यबिभाजन नियमावली बमोजिम पालिकाको अधिकार अध्यक्ष, उपाध्यक्ष, नगर प्रमुख, नगर उपप्रमुख, वडाअध्यक्ष र कार्यपालिका सदस्यहरुले प्रयोग गर्ने व्यबस्था छ। यसर्थ, स्थानीय तहले कार्यसम्पादन र कार्यविभाजनका छुट्टा छुट्टै नियमावली कार्यपालिकाबाट स्वीकृत गरी जारी गर्नुपर्नेछ । यस प्रयोजनका लागि छुट्टै ऐन जारी गर्नु पर्ने छैन । यस कार्य सम्पादनको प्रत्याभूतिका लागि यी नियमावलीहरु राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(झ) अधिकार प्रत्यायोजनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ मा स्थानीय तहले आफ्नो अधिकार नगरप्रमुख वा अध्यक्षदेखि अधिकृतसम्मलाई प्रत्यायोजन गर्न सक्ने व्यबस्था छ । यस अनुसार आम जनतामा प्रवाह गरिने सेवा सुबिधा र विकास निर्माणको कामको शीघ्रता र चुस्तताका लागि आबश्यक अधिकारको प्रत्यायोजन गर्नु पर्नेछ। यसरी अधिकार प्रत्यायोजन गरिएको जानकारी सर्वसाधारणलाई वेभसाईट लगायतको माध्यमबाट सुसूचित गर्ने उत्तरदायित्व कार्यपालिको हुनेछ ।

**(यं) सभाको बैठक आह्वान गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ मा सामान्यतः गाउँसभा र नगरसभाको बैठक वर्षमा दुईपटक बस्ने व्यबस्था छ । यसर्थ, समयमै एजेण्ड सहित सभाको बैठक आह्वान गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(ट) समिति गठनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम स्थानीय तहमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत गठन हुनेछन् । जसअनुसार समितिहरु गठन गरी स्वयं कार्यपालिकाको कामको गुण दोष लगाउने संयन्त्र क्रियाशील तुल्याउने उत्तरदायित्व कार्यकालिकामा रहनेछ ।

**(ठ) बजेट तर्जुमा गर्दा प्राथमिकता प्राप्त क्षेत्रमा जोड दिने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले बजेट तर्जुमा गर्दा तोकिएको ढाँचामा तोकिएको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्नेछ । यसका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजश्व परामर्श समितिहरुले समुचित ध्यान दिनु पर्नेछ । साथै, सभालाई यसको पूर्ण प्रत्याभूति गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछन् ।

**(ड) साझेदारी वा संयुक्त व्यबस्थापनमा कार्य सञ्चालन गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम स्थानीय तहले साझेदारी वा संयुक्त व्यबस्थापनमा बिभिन्न क्षेत्रमा काम गर्नुपर्छ । यसरी वर्षभरिमा गरिएका कामको छुट्टै खण्डमा सभामा प्रगति प्रस्तुतीकरण गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(ढ) राष्ट्रिय भवन संहिता पालनाको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम स्थानीय तहले नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिताको पालना गर्नु गराउनु पर्छ । यसका लागि पालिकाले समुचित कार्यविधि जारी गर्ने उत्तरदायित्व कार्यपलिकाको हुनेछ ।

**(ण) न्याय निरुपणको जिम्मेवारी :** नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम स्थानीय तहमा न्यायिक समिति रहनेछ । जसअनुसार तोकिएको प्रक्रिया र समयभित्र न्याय निरुपण गर्ने उत्तरदायित्व न्यायिक समितिको हुनेछ ।

**(त) राजश्व र ऋण असुलीको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम स्थानीय तहले कानुन बनाएर कर असुली गर्नुपर्छ । साथै, आबश्यक्तानुसार कानून बनाएर ऋण उठाउनु पर्छ । यसका लागि कानूनको मस्यौदा तर्जुमा गरी सभाद्वारा स्वीकृत गराई राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(थ) राजश्व परामर्श समिति गठन गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम स्थानीय तहमा स्थानीय राजश्व परामर्श समिति गठन गर्नुपर्छ । यस्तो समिति नगर उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा गठन गरी निजी क्षेत्रको समेत प्रतिनिधित्व गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(द) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय तहमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्छ । यस्तो समिति नगर प्रमुख वा अध्यक्षको संयोजकत्वमा गठन गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(ध) बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम नगर उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(न) तोकिएको समय र ढाँचामा बार्षिक बजेट पारित गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले तोकिएको समय र ढाँचा बमोजिम वार्षिक बजेट पेश गर्ने र पारित गराउने जिम्मेवारी कार्यपालिकको हुनेछ ।

**(प) वार्षिक लेखा परीक्षण गराउने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले महालेखा परीक्षकबाट वार्षिक लेखा परीक्षण गराउने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

**(फ) सङ्गठन तथा व्यबस्थापन सर्बे प्रतिबेदन सभाबाट पारित गराउने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहको सङ्गठन तथा व्यबस्थापन सर्बे प्रतिबेदन सभाबाट पारित गराई सोही बमोजिम नै स्थायी, अस्थायी, करार, ज्यालादारी वा सल्लाहकारी सेवा र आउटसोर्सिंगबाट पदपूर्ति गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(ब) जिल्ला सभामा सहभागी हुने जिम्मेवारी :** नेपालको संविधानको धारा २२० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ जिल्ला सभाको बैठकमा सहभागी हुने र जिल्ला समन्वय समितिको कामलाई प्रभावकारी तुल्याउने उत्तरदायित्व स्थानीय तहका नगरप्रमुख र नगरउपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको हुनेछ ।

**(भ) स्थानीय तहको सम्पत्ति संरक्षणको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ बमोजिम स्थानीय तहको सम्पत्ति संरक्षण गर्नुपर्छ । यसका लागि स्थानीय तहभित्र रहेका सबै सार्बजनिक, पर्ति, नदी उकास, वन र खानी क्षेत्र लगायतका सार्बजनिक जमिनको संरक्षण गर्ने, अतिक्रमण हुन नदिने, तारबार, घेरा पर्खाल लगाउने वा सार्बजनिक हितमा उपयोग गरी संरक्षण गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

**(म) आचार संहिता लागू गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ बमोजिम स्थानीय तहले आचार संहिता निर्माण गरी लागू गर्नुपर्छ । सामान्यतः यस्तो आचार संहितामा मुलुकको सार्वभौमसत्ता, अखण्डताको प्रतिकूल कार्य नगर्ने, संघ, प्रदेश र स्थानीय तह बीचको सुसम्बन्धमा आँच

नपुऱ्याउने, जनताको सार्वभौम अधिकार, स्वशासन लगायतका मान्य सिद्धान्त विपरित वक्तव्य नदिने, अनावश्यक र गैह्र कानूनी आश्वासन नदिने, राजनैतिक आस्थाका आधारमा सेवाप्रबाहमा भेदभाव नगर्ने, सामाजिक भेदभाव नगर्ने, कसैको स्वाभिमानमा आँच नपुऱ्याउने, लैङ्गिक समानतामा आँच नपुऱ्याउने, स्रोत र साधनको अनधिकृत प्रयोग नगर्ने, कुनै पनि प्रकारको स्वार्थ निहित कार्य नगर्ने लगायतका बूँदा समेटिईनु पर्छ। यसरी स्थानीय तहका निर्बाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने छुट्टा छुट्टै आचार संहितासम्बन्धी ऐनको मस्यौदा सभामा पेश गरी पारित गराई राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

(३) उपबूँदा (२) अनुसारका जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने क्रममा स्थानीय तहले प्रमुख, उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष वा समिति संयोजक, प्रमुख कार्यकारी अधिकृत, वा विषयगत कार्यालय प्रमुखलाई अधिकार तोक्न सक्नेछ। तर यसरी अधिकार प्रत्यायोजन भए पनि स्थानीय तहको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी भने यथावत रहनेछ।

## परिच्छेद - ७

## संस्थागत व्यवस्था

**३०. उत्तरदायित्व वहन कार्यविधि कार्यान्वयन तथा प्रवर्द्धन :** (१) यो कार्यविधि कार्यान्वयन र प्रवर्द्धन गर्न निम्न अनुसारको समिति गठन गरी क्रियाशील बनाउनु पर्नेछ :

| | | |
|---|---|---|
| (क) | गाउँसभा/नगरसभाको सुशासन समितिको अध्यक्ष - | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| (ग) | सामुदायिक संस्था TLO मध्येबाट कार्यस्थानीय तहले छानेको प्रतिनिधि एक - | सदस्य |
| (घ) | आम सञ्चार माध्यम, सूचना प्रविधि पत्रकारमध्येबाट स्थानीय तहले तोकेको प्रतिनिधि एक - | सदस्य |
| (ङ) | महिला सामुदायिक संस्था, आमा समूह, पिछडिएकोवर्ग आदि मध्येबाट एकजना- | सदस्य |
| (च) | नागरिक समाज, प्रवुद्ध वर्गबाट एक जना - | सदस्य |
| (छ) | प्रशासन/सुशासन शाखा प्रमुख - | सदस्य सचिव |

(२ )उपबूँदा (१) अनुसारको समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) सामाजिक उत्तरदायित्वका क्षेत्र र प्राथमिकता पहिचान गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यस्थानीय तह समक्ष पेश गर्ने ।

(ख) स्थानीय तहले गरे गराएका सामाजिक उत्तरदायित्वका कार्यहरुको समीक्षा गरी आवश्यक सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पठाउने ।

(ग) सुशासन, सेवा प्रवाहमा समुदायको सहभागिता प्रवर्द्धनमा सघाउने ।

(घ) खुला स्थानीय सरकार र सूचनामा नागरिकको पहुँच बृद्धि गराउने ।

(ङ) सामाजिक उत्तरदायित्वका औजारको विधि सम्मत प्रयोगलाई स्थानीय तहको अभिन्न कार्य संस्कृतिमा रुपान्तर गर्न सहयोग गर्ने ।

(च) स्थानीय तहलाई सामाजिक उत्तरदायित्व प्रवर्द्धनमा पृष्ठपोषण दिने ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले नै निर्धारण गर्नेछ ।

## परिच्छेद - ८

## स्थानीय सरकार तथा नागरिक समाज र संघसंस्थाहरुको भूमिका

**३१. सम्बन्धित निकायको भूमिका :** (१) सामाजिक उत्तरदायित्व कार्यान्वयनमा स्थानीय सरकारको भूमिका निम्न अनुसार हुनेछ :

(क) सामाजिक उत्तरदायित्व निर्वाह गर्न प्रतिवद्ध भै यसका औजार तथा उपायहरु प्रयोग गरी स्थानीय निकायमामा सुशासन अभिवृद्धि गर्ने गराउने ।

(ख) यस कार्यविधि बमोजिमका सामाजिक उत्तरदायित्वका उद्देश्य पूरा गर्न गराउन नियमित अभ्यास गर्ने गराउने ।

(ग) गुनासो प्राप्ति, प्राथमिकता, सम्वोधन र समीक्षा गर्ने व्यवस्था मिलाउने ।

(घ) सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने, गुनासो सुन्ने संस्थागत व्यवस्था गर्ने ।

(ङ) खुला स्थानीय सरकार पद्धति अवलम्वनमा र निरन्तरता दिने ।

(च) जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको आचार संहिता तयारी तथा कार्यान्वयन गर्ने गराउने र सो को पालना भए नभएको नियमित रुपमा अनुगमन गर्ने ।

(छ) सेवा प्रवाह, विकास व्यवस्थापन, सामाजिक सुरक्षा आदि स्थानीय तहका कार्यक्रमहरुको सामाजिक उत्तरदायित्वको दृष्टिकोणले नियमित अनुगमन, मूल्याङ्कन र प्राप्त पृष्ठपोषणको उपयोग गर्ने ।

(ज) स्थानीय तह, प्रदेश र संघीयस्तरका कानून, नीति, योजना र प्राथमिकता कार्यान्वयन एवं परिपालना गर्ने ।

(झ) नागरिको मौलिक हकका बारेमा सचेतना जगाउने ।

(ञ) स्थानीय तहमा मितव्ययिता, पारदर्शीता र सुशासन प्रवर्द्धन गर्ने ।

(ट) स्थानीय शासनमा नागरिक सहभागिता सचेतना अभिबृद्धि गर्ने, र TLO तथा सामुदायिक संस्थाको परिचालनमा सहजीकरण गर्ने

(ठ) स्थानीय तहले उपयोग गरेका सामाजिक उत्तरदायित्वका उपाय र त्यसका प्रतिफलको नियमित समीक्षा गरी सुधारलाई निरन्तरता दिने ।

**३२. नागरिक समाज र संघ संस्थाको काम, कर्तव्य र अधिकार :** (१) सामाजिक उत्तरदायित्व कायम गराउन नागरिक समाज, संघ संस्थाको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :

(क) सार्वजनिक सेवा सुविधाहरुको बारेमा नागरिक शिक्षा र सचेतनाका कार्य सञ्चालन गर्ने ।

(ख) माग पक्षको क्षमता बृद्धि गरी सेवा लिन सक्ने अर्थात् सेवा पाउने अधिकार प्रचलन गराउने ।

(ग) अधिकारमा आधारित आपूर्ति पक्ष (Supply side) को नागरिक हितमा प्रवलीकरण गर्ने

(घ) मांग र आपूर्ति पक्षबीच सन्तुलन, उपयोग र प्रतिफलमा समन्वय र सहकार्य गर्ने ।

(ङ) सेवा प्रदायक, नीति निर्मातालाई नागरिकप्रति उत्तरदायी हुन लगाउने र पारदर्शिता बढाउने विषयमा निरन्तर पैरवी गर्ने ।

(च) नागरिक अधिकारका पक्षमा वकालत गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, गरिवी घटाउन नागरिक आवाज संगठित गरी खबरदारी, निगरानी र परिचालन गर्ने ।

(छ) निगरानी निकायहरुलाई सदाचार, अनुशासन कायम गर्न सहयोग गर्ने ।

(ज) नागरिकका गुनासा, असन्तुष्टि सम्बन्धित निकायहरु समक्ष पुऱ्याउने र समस्या समाधानका सम्बन्धमा सोधखोज गर्ने ।

(झ) सेवाको गुणस्तर, विकास आयोजनाका कार्यान्वयन स्थिति र खर्च विश्वसनीयता एवं नागरिक सन्तुष्टिबारे स्थानीय सरकारलाई पृष्ठपोषण गर्ने ।

(ञ) सार्वजनिक कार्यहरुको प्रभावकारी नागरिक अनुगमन कार्यमा सहयोग गर्ने र सामाजिक जवाफदेही सम्बन्धी नीति निर्माणमा पृष्ठपोषण गर्ने ।

(ट) सेवा प्रदायकका कार्यहरु नागरिकसम्म पुऱ्याउने, समावेशी र सहभागितामूलक बनाउन तथा सम्बन्धहरु हार्दिक बनाउन सहजीकरण भूमिका खेल्ने ।

(ठ) लोकतान्त्रिक मूल्य, मान्यता, कानूनको पालना, समतामूलक वितरण प्रणाली सुदृढ गर्न सहयोग गर्ने ।

(ड) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका राम्रा काममा थप सहयोग गर्ने र कमी कमजोरी औंल्याई स्थानीय स्वायत्त शासनलाई पद्धतिमुखी र जनमुखी बनाउन सहयोग गर्ने ।

## परिच्छेद-९

## विविध

**३३. स्थानीय तहको मूल कर्तव्य :** (१) सामाजिक उत्तरदायित्वलाई स्थानीय तहको शासकीय पद्धतिका सहयोगी औजारका रुपमा प्रयोग गरी स्थानीय लोकतन्त्र जनमुखी, सेवामुखी र जनताप्रति उत्तरदायीयुक्त ढंगले स्थानीय सरकार सञ्चालन गर्नु स्थानीय तहको मूल कर्तव्य हुनेछ ।

**३४. कार्यविधि संशोधन :** (१) स्थानीय तहले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**३५. कदर र सचेत :** (१) सामाजिक जवाफदेही प्रभावकारी ढंगले निर्वाह गर्ने गाउँस्थानीय तह तथा नगरस्थानीय तहमध्ये उत्कृष्ट गाउँस्थानीय तह तथा नगरस्थानीय तह पहिचान गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उचित कदर गर्ने सिलसिलामा आवश्यक सूचना, तथ्याङ्क र प्रगति प्रतिवेदन निर्धारित समयमै उपलब्ध गराउनु पर्नेछ । साथै, यससम्बन्धी कमजोर कार्यसम्पादन गर्नेलाई मन्त्रालयले सचेत गराउने छ ।

**३६. कार्ययोजना बनाउनु पर्ने** : (१) यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहले कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ । कार्ययोजनाको ढांचा अनुसूचीमा रहेको छ ।

(२) यस्तो कार्ययोजना आर्थिक बर्षलाई आधार मानेर तीन बर्षको कार्ययोजना बनाउनु उपयुक्त हुनेछ ।

## अनुसूची

## बूँदा ३६ (३) सँग सम्बन्धित

## उत्तरदायित्व वहन सम्बन्धी कार्ययोजना

| क.सं. | उत्तरदायित्व | कार्यक्रम | समय | सहभागी | स्थान | अपेक्षित नतिजा | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | | | | | | |
| २ | सामाजिक परीक्षण | | | | | | |
| ३ | सार्वजनिक परीक्षण | | | | | | |
| ४ | स्थानीय खर्चको सोधखोज ( सार्वजनिक खर्च) प्रष्ट्याईं | | | | | | |
| ५ | नागरिक बडापत्र | | | | | | |
| ६ | सामुदायिक सूचना पाटी | | | | | | |
| ७ | गुनासो व्यवस्थापन | | | | | | |
| ८ | लैङ्गिक उत्तरदायी बजेट मूल्यांकन | | | | | | |
| ९ | बालमैत्री सुशासन | | | | | | |
| १० | गैरसरकारी संस्था नियमन | | | | | | |
| ११ | सूचनामा पहूँच र सूचनाको अधिकार | | | | | | |
| १२ | बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन | | | | | | |
| १३ | अनुगमन तथा पृष्ठपोषण | | | | | | |
| १४ | लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श | | | | | | |
| १५ | सेवाग्राही सर्भेक्षण (Perception Survey) | | | | | | |
| १६ | स्वेतपत्र वा स्थितिपत्र जारी | | | | | | |

ooo